# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २२ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- भाजपाका वरिष्ठ नेता दिलीप घोषले गम्भीर आरोप लगाउँदै सत्तारूढ टीएमसी सरकारले बङ्गला भाषाको अस्मिता माथि प्रहार गर्दै आइरहेको बताउनु भएको छ।

- एनजेपी स्टेशनमा क्यापिटल एक्सप्रेसबाट 56 जना युवतीहरूलाई उद्धार गरिएको छ।

- दार्जिलिंगका सांसद राजु बिष्टले सोधेका एक प्रश्नको लोक सभामा लिखित उत्तर दिँदै केन्द्रीय शिक्षा राज्यमंत्री जयन्त चौधरीले समग्र शिक्षा अभियान बमोजिम गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन जीटीएलाई कुल 823 करोड़ 18 लाख 70 हजार रुपियाँ अवंटित गरिएको बताउनु भयो।

- मदन तामाङ हत्याकाण्ड मामिलाको सुनवाइ भोलिदेखि हाइब्रिड मोडमा सुरु हुनेछ, अभियुक्तहरू दार्जीलिङ अदालतबाट भीडियो कन्फ्रेन्सिङ मार्फत् मुद्दामा उपस्थित हुनेछन्।

- सिलगढ़ी नगर निगमले अवैध निर्माण विरूद्ध निरन्तर अभियान जारी राख्दै आज सेवक रोडस्थित एक मलमा निर्मित अवैध निर्माणलाई भत्काउन शुरू गरेको छ।

**दीलिप घोष- ममता**

पश्चिम बंगालको टीएमसी सरकारले बंगाली तथा बांग्ला भाषाको अस्मिता माथि शुरू देखि नै प्रहार गर्दै आएको छ। यो कुरा पश्चिम बंगालका पूर्व भाजपा अध्यक्ष, पूर्व विधायक र सांसद रहेका दीलिप घोषले भनेका छन्। गए 21 जुलाई को दिन शहीद दिवसको रैलीमा मुख्यमंत्री ममता ब्यानर्जीले भाजपाले बंगाली र बंगला भाषामाथि आघात गरि रहेको गम्भीर आरोपलगाउँदै आउँदो 27 जुलाई देखि प्रत्येक जिल्लामा बंगला भाष बचाउन आन्दोलन गर्ने घोषणा गर्नु भएको थियो। यसैको उत्तर दिन्दै ममता ब्यानर्जीको शासन कालमा बांग्ला भाषा र बंगाली अस्मिता दुवै सुरक्षित छैन भन्नु भयो। उहाँले अझ भन्नु भयो टीमसी राजमा एउटा विशेष समुदायले मात्र प्रश्रय पाइरहेको छ जसलाई बंगला भाषा अनि बंगाली संस्कृति सित कुनै लिनु दिनु नै छैन। उहाँले अझ भन्नु भयो पश्चिम बंगालको संदेशखाली देखि लिएर मुर्शीदावाद अनि मालदा देखि कुचविहार सम्म बंगालीहरूमाथि हमला , बंगालीहरूको घर जलाउने, बंगाली महिलाहरूको बलात्कार र हत्याहरूमा टीमएमसीका मंत्री, विधायक ,सांसद देखि स्थानीय नेताहरू सबै नै लिप्त रहेका छन्। ममता राजमा बंगाल र बंगालीको अवस्था दयनीय बन्दै गइरहेको छ भन्दै ममता बनर्जीले बंगाल र बंगालीलाई फेरी झुक्याउने खेला खेल्ने काम गरि रहेकी छन् भन्नु भयो। ममता बनर्जीको बांगला भाषाको नाममा आन्दोलन गर्ने घोषण केवल नाटक मात्र हो। असल लक्ष्या त बंगाललाई बंगलादेश बनाउनु रहेको उहाँले गम्भीर आरोप पनि लगाउनु भयो। बगालमा बंगाली संस्कृति परम्परा सुरक्षित छैन, बंगला भाषीहरूले रोजगार पाइरहेका छैनन् र अन्य राज्यमा पलायन हुनु बाध्य बनेका छन् भनि श्री घोषले भन्नु भयो। ममतदाता पहिचान पत्रको समीक्षा हुनु एकदमै जरूरी रहेको भन्दै आज ममता ब्यानर्जी बंगलादेशी घुषपैठियाहरू तथा रोहिंगियाहरूको साथमा खड़ा रहेको समेत दीलिप घोषले भन्नु भयो। उहाँले भारतको संविधानले केवल र केवल भारतीय नाहरिकहरूलाई मतदान गर्ने अधिकार दिएको छ र कुनै पनि अवैध घुषपैठियाहरूलाई मतदाता सूचिबाट गह जाँचगरि बाहिर गर्नु एकदमै आवश्यक रहेको मन्तव्य पनि श्री घोषले गर्नु भयो। ममत सरकारमा बंगालको आर्थिक स्थिति दयनीय बन्दै गएको तथा टीमएमसी नेताहरू भ्रष्टाचारमा चुर्लुम्म डुबेको पनि उहाँले भन्नु भयो।

**राजु बिष्ट -संसद**

आज लोक सभामा एक लिखित उत्तरमा केन्द्रीय शिक्षा राज्यमंत्री जयन्त चौधरीले समग्र शिक्षा अभियान बमोजिम गोरखाल्याण्ड क्षेत्रीय प्रशासन जीटीएलाई वर्ष 2019-20 देखी 2024-25 सम्म कुल 823 करोड़ 18 70 हजार रुपियाँ अवंटित गरिएको तथा 415 करोड़ 90 लाख 30 हजार रूपियाँ मात्र खर्च भएको बताउनु भएको छ। दार्जिलिंगका सांसद राजु बिष्टले सोधेका एक प्रश्नको उत्तरमा श्री चौधरीले यो उत्तर दिनु भएको हो। जसमा दार्जिलिङ्ग जिल्लाका लागि 308 करोड़ 54 लाख रूपियाँ आवंटित गरिएको थियो त्यस मध्ये केवल 131 करोड़ रुपियाँ अर्थात 42.75% मात्रै प्रयोग भएको छ। यसरी नै कालेबुङ जिल्लाका लागि 251 करोड़ 94 लाख 99 हजार रुपियाँ आवंटित गरिएको जसमध्ये केवल 21 करोड़ 30 लाख रुपियाँ अर्थात मात्र 08.45 प्रतिशत खर्च भएको छ। अनिसिलगढ़ी क्षेत्रका लागि 262 करोड़ 69 लाख रुपियाँ आवंटित गरिएको थियो तर त्यहाँ खर्च भने 461 करोड़ 80 लाख रूपियाँ गरिएको छ जो झण्डै 175 प्रतिशत रहेको छ। जीटीए क्षेत्रमा रहेका विद्यालयहरूमा बुनियादी र आधुनिक सुविधाहरू प्रदान गर्न यो पैसा आवंटित गरिएको हो। तर जीटीएले उक्त रकम पहाड़मा थोरै खर्च गरि सिलगढीमा धेरै गरी पहाड़का विद्यार्थीहरूलाई वंचित गरेको गम्भीर आरोप राजु बिष्चले लगाएका छन्। अर्को तीर दार्जिलिंग भाजपा सचिव संजिब लामाले पहाड़को विकासका लागि आएको रकम सिलगढीमा किन सब भन्दा बेसी खर्च भयो भनि जीटिए प्रशासनमाथि गम्भीर प्रश्न गरेका छन् -- बाइट—संजीत लामा

**<u>संसद-धनखड़</u>**

राज्यसभामा प्रश्नकाल सुरु भएको तुरन्तै पछि पीठासीन अधिकारी घनश्याम तिवारीले उपसभापति जगदीप धनखड़को राजीनामाबारे गृह मन्त्रालयले जारी गरेको सूचनाबारे सदनलाई जानकारी गराएका थिए । यसअघि बिहानको सदनको बैठकका क्रममा उपसभापति हरिवंशले उपराष्ट्रपतिको पद रिक्त रहेको सम्बन्धमा थप संवैधानिक प्रक्रियाबारे जानकारी प्राप्त भएपछि जानकारी गराइने बताउनु भयो । उपाध्यक्ष जगदीप धनखड़ले स्वास्थ्यको कारण देखाउँदै राजीनामा दिएका हुन् । राष्ट्रपति द्रौपदी मुर्मूलाई लेखेको पत्रमा धनखड़ले चिकित्सकको सल्लाहअनुसार तत्काल प्रभावले राजीनामा दिने र आफ्नो स्वास्थ्यलाई प्राथमिकता दिएको उल्लेख गर्नु भएको छ । उहाँले आफ्नो कार्यकालमा सहयोग गरेकामा राष्ट्रपतिलाई धन्यवाद दिनुभयो । धनखड़ले प्रधानमन्त्री नरेन्द्र मोदी र मन्त्रिपरिषद्लाई पनि धन्यवाद दिनु भएको छ । श्री धनखड़ले उपराष्ट्रपतिको रूपमा आफूले प्राप्त गरेको अमूल्य अनुभव र ज्ञानका लागि आभारी रहेको बताउनु भयो । 74 वर्षीय धनखड़ले अगस्त 2022 मा कार्यभार संभालेका थिए।उहाँको कार्यकाल 2027 मा अन्त हुने थियो।

**<u>बंगाललाई कश्मीर बनाउने चेष्टा नगरून् -दिलीप घोष</u>**

भारतीय जनता पार्टी (भाजपा)-का वरिष्ठ नेता दिलीप घोषले पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीमाथि गम्भीर आरोप लगाउनु भएको छ। आज खड़गपुरमा पत्रकारहरूसित बातचित गर्दै उहाँले भन्नु भयो ,सुश्री ममता ब्यानर्जीका नीतिहरूको कारण राज्यको स्थिति चिन्ताजनक भएको छ। यदि यस्तै अवस्था कायम रहे बंगाल "कश्मीरको मार्ग"-मा अग्रसर हुनेछ। श्री घोषले भन्नु भयो , राज्यबाट 40-50 लाख मानिसहरू पलायन भइसकेका छन्। मुख्यमन्त्रीले बंगलादेशी अनुप्रवेशकारीहरूलाई प्रधानमन्त्री गरीब कल्याण योजनाको लाभ दिरहेकी छन्, किनभने तिनीहरूले उनलाई भोट दिन्छन्। यो लोकतन्त्रको निम्ति भयानक हो। मुख्यमन्त्रीले बंगाललाई कश्मीर बनाउनदेखि बाच्नुपर्छ। दिलीप घोषले प्रधानमन्त्री नरेन्द्र मोदीको बंगाल नीतिको प्रशंसा गर्दै भन्नु भयो श्री मोदीले बंगाली भाषा र संस्कृतिलाई सम्मान दिनु भएको छ | तर सुश्री ब्यानर्जीले भोट ब्यांकको राजनीति मात्र गरिरहेकी छन्।'अपरेशन सिन्दूर'-माथि संसदमा बहस गर्नुपर्ने विपक्षको मागमाथि बोल्दै घोषले बताउनु भयो , केही मानिसहरूको मनमा सन्देह हुनसक्छ, तर संसदको मनसुन सत्रमा यसमाथि चर्चा भयो भने सबै कुरा स्पष्ट हुनेछ।

**<u>एनजेपी स्टेशन ट्रेनबाट युवतीहरूको उद्धार</u>**

एनजेपी स्टेशनमा क्यापिटल एक्सप्रेसबाट 56 जना युवतीहरूलाई उद्धार गरिएको छ। प्राप्त जानकारी अनुसार जलपाईगुड़ी, कुचबिहार, अलिपुरद्वार एवं डुवर्सका 56 जना युवतीहरूलाई नोकरी दिलाउने नाममा बिहार लगिँदैथ्यो। यद्यपि युवतीहरूका परिवारहरूलाई बताइएको थियो, नोकरी दिलाउनको लागि बेंगलुरू लगिँदैछ। हिज सोमवार राति लगभग 9 बजी एनजेपी स्टेशनमा ट्रेनको जाँच गर्दा जीआरपी र आरपीएफ ले युवतीहरूलाई एकसाथ देख्दा शंका लाग्यो। त्यसपछि उनीहरूसित जाँचबुझ गरियो। युवतीहरूसित कुनै टिकट थिएन। सबैको हातमा उनीहरूको कोच नम्बर र बर्थ नम्बरको मोहर लगाइएको थियो। जाँचबुझमा

युवतीहरूले बताए, उनीहरूलाई काम दिलाउनको लागि बेंगलुरू लगिरहेको छ। बिहार जाने ट्रेनमा युवतीहरू बसेको देखेर जीआरपीको शंका झन् गहिरियो। त्यसपछि आरपीएफ र जीआरपीले युवतीहरूलाई लगिरहेको आरोपमा कोलकाता निवासी जितेन्द्र पासवानर सिलगढ़ी निवासी चन्द्रिकालाई स्टेशनबाटै हिरासतमा लिइयो। हिरासतमा लिइएका आरोपीहरूसित जाँचबुझ भइरहेको छ। जीआरपी र आरपीएफले सम्पूर्ण मामिलाको जाँच गरिरहेको छ।

## मदन तामाङ हत्याकाण्ड

मदन तामाङ हत्याकाण्ड मामिलाको सुनवाइ भोलिदेखि हाइब्रिड मोडमा सुरु हुनेछ, जसमा अभियुक्तहरू दार्जीलिङ अदालतबाट भीडियो कन्फ्रेन्सिङ मार्फत् मुद्दामा उपस्थित हुनेछन् भने साक्षीहरू कलकत्ता सिटी सेसन्स कोर्टमा उपस्थित हुनेछन्।मदन तामाङ हत्याकाण्ड मामिलामा 80 भन्दा अधिक साक्षीहरूमध्ये केहीको यस 15 वर्षको अवधिबिच मृत्यु भइसकेको छ।स्मरण गराइन्छ, 21 मई 2010 -को दिन दार्जीलिङ शहरको क्लब साइड क्षेत्रमा अभागोली नेता मदन तामाङले एउटा जनसभालाई सम्बोधन गर्ने भएका थिए। तर, जनसभालाई सम्बोधन गर्नअघि नै तिनको निर्मम हत्या गरिएको थियो।गत 26 जून 2025 बिहीवार कोलकाताको सिटी सेसन्स कोर्टले मदन तामाङको हत्या भएको 15 वर्षपछि हत्याकाण्डका सम्पूर्ण आरोपीहरू विरुद्ध चार्ज फ्रेम गरेको थियो।उल्लेखनीय छ, अखिल भारतीय गोर्खा लिग नेता मदन तामङ हत्याकाण्डको आरोपी सूचीबाट 17 अगस्त, 2017 -मा सिटी सेशन्स कोर्टद्वारा गोजमुमो अध्यक्ष अथवा पूर्व जीटीए प्रमुख विमल गुरुङलाई मुक्त गरिएको थियो भने 13 जून 2024 -को दिन सिटी सेशन्स कोर्टको उक्त निर्णयलाई रद्द गर्दै कलकत्ता उच्च न्यायालयले गुरुङलाई पुनः आरोपी बनाएको थियो।

## केएफसी ले  क्रीस्पिन छेत्रीलाई सम्बर्ध्दना

भारतको राष्ट्रिय महिला फुटबल टिमको मुख्य प्रशिक्षक क्रिस्पिन छेत्रीलाई कञ्चनजङ्घा फुटबल क्लब (केएफसी) द्वारा सम्बर्ध्दना जनाइएको छ। फुटबल खेलमा मनग्गै छाप छोड्ने खरसाङ निवासी क्रीस्पिन छेत्री हाल भारतको राष्ट्रिय महिला फुटबल टिमको मुख्य प्रशिक्षक भएर भारतीय महिला फुटबल टिमलाई एशिया कपको लागि क्वालिफाइ गराउन सफल बनेका छन्।

***********